नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
**राष्ट्रिय युवा परिषद्**
**त्रिपुरेश्वर, काठमाडौं**

**वेवसाइट** : www.nyc.gov.np, इमेल : info@nyc.gov.np **फोन** : ०१-४२६२४६५, ०१-४२५३८२९ **फ्याक्स** : ०१-४२५४७७६

# राष्ट्रिय युवा परिषद् र अन्तर्राष्ट्रिय युवा दिवस

## पृष्ठभूमि

नेपालका युवाको चाहना र आवश्यकता अनुसार २०६५ सालमा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो । युवा विकाससँग सम्बन्धित गतिविधि सोही मन्त्रालय अन्तर्गत हुँदै आएकोमा युवा नीति २०६६ र राष्ट्रिय युवा परिषद् ऐन २०७२ ले युवाको हक हितको संरक्षण र सम्वर्द्धन गरी समुन्नत मुलुक निर्माण गर्नका लागि राष्ट्रिय युवा परिषद्को स्थापनाको बाटो खोलेको थियो । युवा परिषद्को गठनसँगै युवाको सर्वाङ्गीण विकासका कार्यक्रमहरू यसै संस्थाबाट सञ्चालन हुन थालेका छन् ।

राष्ट्रिय युवा परिषद् ऐन २०७२, संशोधित राष्ट्रिय युवा नीति २०७२ तथा युथ भिजन २०२५ को मर्म र भावनाअनुसार युवा जनशक्तिलाई समयानुकूल सशक्तिकरण गर्दै पहिलो चरणमा शिक्षा, स्वास्थ्य, उद्यमशीलता तथा नेतृत्व विकासमा युवाहरूको भूमिका र परिचालनलाई मूल प्राथमिकतामा राखेर अगाडि बढ्ने प्रतिवद्धता राष्ट्रिय युवा परिषद्ले व्यक्त गरेको छ । युवा विकास तथा परिचालनका लागि तयार गरिएको दीर्घकालीन रणनीतिको रूपमा रहेको युथ भिजन २०२५ ले परिलक्षित गरेका कार्यनीतिहरूको आगामी १० वर्ष भित्र कार्यान्वन गरिसक्न युवा परिषद्ले जोड दिनेछ ।

युथ भिजनका दशवर्षे रणनीति र कार्यक्रमका पाँच स्तम्भहरू (Five Pillars) लाई समयसापेक्ष सवलीकरण गर्दै सम्पूर्ण साधन र स्रोतहरूलाई त्यस दिशातर्फ परिलक्षित गरिनेछ। अन्तर्राष्ट्रियस्तरमै युवा क्षेत्रमा भएका प्रगति र नेपालको अवस्थालाई मध्यनजर गरी युवा विकासमा बाधक रहेका मूल समस्याहरूलाई लक्षित गरी युवा विकासका पाँच रणनीतिक आधार स्तम्भ तय गरिएका छन् । युवा विकासका लागि तय गरिएका रणनीतिक आधारस्तम्भहरूमा (१) गुणस्तरीय र व्यवसायिक शिक्षा (२) रोजगारी, उद्यमशीलता र सीप विकास (३) स्वास्थ्य र सामाजिक सुरक्षा (४) युवा परिचालन, सहभागिता र नेतृत्व विकास (५) खेलकुद र मनोरञ्जन रहेका छन् । युवा परिषद्का आगामी कार्यक्रमहरू यिनै पाँच आधारमा परिचालित हुनेछन् ।

युवाको हक हितको संरक्षण र सम्वर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि सक्षम नागरिक तयार गर्न तथा युवासम्बन्धी नीति निर्माण र कार्यान्वयन तहसम्म युवालाई सहभागी गराई राष्ट्रिय विकासको मूलप्रवाहमा समाहित गराउने उद्देश्यले नेपाल सरकारले राष्ट्रिय युवा परिषद् गठन गरेको हो । नेपाल सरकार मन्त्रिपरिषद्को २०७२ फागुन १९ को निर्णयअनुसार श्री माधवप्रसाद ढुङ्गेल यस परिषद्को कार्यकारी उपाध्यक्षका रूपमा नियुक्त गरेको छ । हाल राष्ट्रिय युवा परिषद्लाई नियमानुसार पूर्णता दिइसकिएको छ । युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा विभिन्न मन्त्रालयका आठ जना सचिव पदेन सदस्यसहित ३५

सदस्यीय राष्ट्रिय युवा परिषद् समितिले पूर्णता पाएको छ । यसैगरी ६० वटा जिल्लामा युवा समितिका अध्यक्षको मनोनयन भै समितिको कार्यालय समेत स्थापना भइरहेका छन् ।

राष्ट्रिय युवा परिषद्को कार्यालय र कर्मचारी व्यवस्थापन गरी युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्को सहकार्यमा २०७३ असार २६ गते आइतबार परिषद्को कार्यालयको औपचारिक समुद्घाटन तथा युवा प्रतिभा/उद्यमी सम्मान समारोह माननीय युवा तथा खेलकुद मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ ।

विश्व युवा विकास सुचकाङ्कमा नेपाल १ सय ४५ औं स्थानमा रहेको छ । राष्ट्रको मेरुदण्डको रूपमा रहेका १६ देखि ४० वर्षका करिब १ करोड ६ लाख (४०.३५ प्रतिशत) युवा शक्तिलाई सशक्तिकरण गर्दै क्षमता, सीप र प्रविधिबाट सुसज्जित गरी राष्ट्रिय युवा परिषद् ऐन २०७२, राष्ट्रिय युवा नीति २०७२ तथा युथ भिजन २०२५ को मर्म र भावनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कृयाशील हुनुपर्ने समय आएको छ ।

## युवा दिवस र यसको इतिहास

युवाका सवाललाई सम्बोधन गर्ने हेतुले संयुक्त राष्ट्रसङ्घले सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसको रूपमा मनाउँदै आइरहेको छ । **World Conference of Minister Responsible for Youth** को सिफारिसअनुसार संयुक्त राष्ट्रसङ्घको १७ डिसेम्बर १९९९ मा सम्पन्न ५४ औं साधारण सभाले अगष्ट १२ तारिखलाई अन्तर्राष्ट्रिय युवा दिवस (International Youth Day) का रूपमा मनाउने निर्णय गरेको थियो । यो घोषणासँगै युवासम्बन्धी विभिन्न चेतनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू आयोजना गरी सन् २००० देखि नियमित रूपमा विश्वभर युवा दिवसका सन्दर्भमा विविध कार्यक्रमहरू हुँदै आएका छन् । सन् २०१०-२०११ लाई संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय युवा वर्षका रूपमा मनाउने घोषणा गरेपछि Our Year, Our Voice भन्ने नारामा केन्द्रित भएर युवा सम्वाद र आपसी समझदारी (**Youth Dialogue & Mutual Understanding)** भन्ने नाराका साथमा सन् २०१० को अन्तर्राष्ट्रिय युवा दिवस र नेपाल युवा वर्ष मनाइएको छ । अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा नेपालका विभिन्न गैरसरकारी सङ्घ संस्था एवम् नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको संयुक्त आयोजनामा र्‍याली, अन्तरक्रिया, रक्तदान कार्यक्रम, नाटक, सरसफाइ, नीति सम्वाद, साँस्कृतिक कार्यक्रम, वृक्षारोपण, वक्तृत्वकला प्रतियोगिता जस्ता कार्यक्रमहरू हुँदै आएका छन् ।

## अन्तर्राष्ट्रिय युवा दिवसको उद्देश्य

अन्तर्राष्ट्रिय युवा दिवस मनाउनुको मूल उद्देश्य युवाका मुद्दाका पक्षमा आवाज मुखरित गर्नु हो । यसका साथै राष्ट्रिय युवा नीति २०७२, युथ भिजन - २०२५ र राष्ट्रिय युवा परिषद् ऐनमा रहेका युवा लक्षित मुद्दाहरू कार्यान्वयन गर्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा आवाज बुलन्द गर्नु पनि हो ।

## नेपालमा युवा दिवसको शुरुवात

विश्वका विभिन्न मुलुकमा सन् २००० देखि युवा दिवस मनाउन थालिएको भए पनि नेपालमा सन् २००४ देखि यसको शुरुआत भएको हो । नेपालमा सन् २००४ मा युवा संस्थाहरूको पहलमा पहिलो पटक

अन्तर्राष्ट्रिय युवा दिवस मनाइएको थियो । हाल आएर देशका विभिन्न जिल्लामा युवा दिवसका सन्दर्भमा विभिन्न कार्यक्रमहरू आयोजना गरी यो दिवस मनाउन थालिएको छ । सरकारी तथा गैरसकारी क्षेत्रबाट युवालाई लक्षित गरी कार्यक्रमहरू आयोजना हुन थालेका छन् । जसरी युवा दिवसले व्यापकता पाउन थाल्यो, त्यसैगरी युवासम्बन्धी नीति कार्यक्रम र संरचनामा पनि प्रगति भएको पाइन्छ । केही वर्ष अघिसम्म युवाका सवाल शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतको एउटा शाखामा सीमित थियो भने अहिले आएर युवा नीति तयार भै युवा नीति, युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद् लगायतका संरचनाहरू नै क्रियाशील छन् । त्यसैले पनि अहिले युवा दिवसलाई युवा क्षेत्रमा व्यापक संरचनात्मक उपलब्धि भएको वर्षको रूपमा पनि मनाउन सकिन्छ । नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले संयोजन गर्दै आएका युवा विकासका कार्यक्रमहरू राष्ट्रिय युवा परिषद् स्थापनासँगै युवा परिषद् मार्फत् हुने हुँदा सोही बमोजिम परिषद्कै समन्वयमा कार्यक्रमहरूको योजना तर्जुमा गरिएको छ ।

**अन्तर्राष्ट्रिय युवा दिवस २०१६**

विगतका वर्षहरू जस्तै यसवर्ष पनि सयुक्त राष्ट्रसङ्घले **'The Road to 2030: Eradicating Poverty and Achieving Sustainable Consumption and Production',** 'गरिबी उन्मूलन, दिगो उत्पादन र उपभोग प्राप्तीको मार्ग सन् २०३०' भन्ने नाराका साथ मनाउने निर्णय गरेको छ भने राष्ट्रिय युवा परिषद्ले आफ्नो देश सुहाउँदो 'गरिबी उन्मुलनमा युवा प्रतिवद्धताः उत्पादन र उपभोगमा आत्मनिर्भरता' भन्ने नारा तय गरेको छ । यो नारालाई सार्थक रूप दिन सन् २०३० सम्म नेपालबाट गरिबी उन्मूलन गर्न स्वदेशी उत्पादन र उपभोगको मार्गचित्र तय गर्नु जरुरी छ ।

यो वर्षको अन्तर्राष्ट्रिय युवा दिवस अगष्ट १२ मा नेपालमा विविध कार्यक्रमसहित मनाइँदैछ । अगष्ट १०, ११, १२, १३ मा राष्ट्रिय युवा परिषद्को आयोजनामा विभिन्न विद्यार्थी तथा राजनीतिक सङ्गठन, युवा सङ्घ संस्थालगायतको समन्वयमा र देशका ७५ वटै जिल्लामा जिल्ला युवा समितिको संयोजनमा जिल्ला खेलकुद विकास समिति, जिल्ला विकास समिति र स्थानीय सङ्घसंस्थाको समेत सहभागितामा विविध गतिविधिसहित यो दिवस मनाउने निर्णय भएको छ । यो दिवस मनाउनका लागि राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्षको अध्यक्षतामा १ सय १ सदस्यीय मूल आयोजक समिति बनाइएको छ । युवा दिवसको तयारीका सन्दर्भमा सञ्चारकर्मी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, नेपाल स्काउट, जिल्ला विकास समिति, राष्ट्रिय खेलकुद परिषद्, अन्य सरोकार राख्ने मन्त्रालयहरूको सहभागितामा विभिन्न चरणका समन्वय बैठकहरू सम्पन्न भएका छन् । युवा दिवस मनाउनका लागि आवश्यक तयारीका कार्यक्रमहरू सम्पन्न गर्ने उद्देश्यले गठित कार्यकारी समिति (सचिवालय) को बैठक बसी निम्नबमोजिमका कार्यक्रमहरू गर्ने निर्णय गरेको छ । मूल आयोजक समितिको समन्वयमा सम्पूर्ण सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरू बीचमा साझा कार्यक्रम तयार गरी अगाडि बढाइनेछ ।

**मुख्य कार्यक्रमहरू**

- अगष्ट ११ (साउन २७ गते बुधवार) दिउँसो १२ः३० मा पत्रकार सम्मेलन ।

- अगस्ट १२ (साउन २८ शुक्रबार) बिहान ७:३० मा भृकुटीमण्डपबाट भद्रकाली, शहिद गेट, जमल, घण्टाघर हुँदै प्रज्ञा भवन कमलादीसम्म प्रभातफेरी । प्रभातफेरीपछि सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यमा मूल समारोहको आयोजना ।
- राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यक्रम ९ :०० बजे प्रज्ञा भवन कमलादीमा ।
- रक्तदान कार्यक्रम बिहान ८ देखि ११ बजेसम्म प्रज्ञा भवन कमलादीमा सोही दिन ।
- युवा समितिको कार्यालय उद्घाटन (६० जिल्लामा) युवा र्‍याली तथा सभा ।
- ७५ वटै जिल्लामा जिल्ला युवा समितिको संयोजनमा जिल्ला विकास समिति, जिल्ला खेलकुद विकास समिति, युवा सूचना केन्द्र तथा स्थानीय सङ्घसंस्थाको समन्वयमा विभिन्न कार्यक्रमहरूको आयोजना ।
- अन्य सङ्घसंस्थाका कार्यक्रमहरू, साइकल र्‍याली, अन्तर्क्रिया, सडक नाटक, बागमती सरसफाइ कार्यक्रम आदि ।

'समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा' भन्ने मूलमन्त्रलाई आत्मसात् गर्दै हरेक क्रियाकलापहरूमा समन्वय, सहकार्य तथा रचनात्मक सुझाव सल्लाहका साथ परिषद्लाई सक्रिय बनाउने दिशामा सहयोग गर्न युवा वर्ग, सम्पूर्ण राजनीतिक दल तथा तिनका युवा भातृ संस्थाहरू, सरकारी तथा गैरसरकारी निकायहरू, स्थानीय निकायहरू, सहयोगी मित्रराष्ट्रहरू, दातृ निकाय, विकास साझेदाहरू, शिक्षाप्रेमी, समाजसेवी, गैर आवासीय नेपाली सङ्घ, सञ्चारकर्मीहरू लगायत सम्पूर्ण नागरिक समाजलाई हार्दिक अनुरोध गर्दछौँ ।

नेपालका युवाहरूको साझा घर र अभिभावकको रूपमा रहेको राष्ट्रिय युवा परिषद्को अगुवाइमा हुने युवा विकासका हरेक क्रियाकलापहरूमा सहभागी बन्न तथा सहकार्य गर्नका साथै आगामी कार्यक्रमहरूमा परिषद्लाई रचनात्मक सुझाव दिई सहयोग गर्नुहुन हामी सबै युवा, युवा सम्बद्ध संस्थाहरू तथा सरोकारवाला महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौँ । यो सामग्री प्रकाशनमा सहयोग गर्नुहुने सर्च फर कमन ग्राउन्डलाई धन्यवाद दिन नाहन्छौँ ।

अन्तर्राष्ट्रिय युवा दिवस २०१६ का अवसरमा सबैयुवाहरूमा हार्दिक शुभकामना !

राष्ट्रिय युवा परिषद्  
त्रिपुरेश्वर, काठमाडौँ  
२०७३ साउन